स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



समीक्षा अधिकारी पछिल्लो समयकी व्यस्त गायिका हुन् । मेला, महोत्सवदेखि विदेशसम्मका कार्यक्रममा उनको उच्च माग छ । अघिल्लो सातामात्रै उनी बहराइनमा आफ्नो प्रस्तुती दिएर स्वदेश फर्किइन् भने स्वदेश फर्किएलगतै शुक्रबार बुटवल पुगिन् । उनी बुटवलमा आयोजित एक मेलामा प्रस्तुतिका लागि त्यहाँ पुगेकी हुन् । सामाजिक सञ्जालमा भिडियो भाइरल गराइएको पाइएको छ ।

**आजको विचार...**



शीतल गिरी

सामाजिक...

(दुई पेजमा)



गत वर्षसम्म अभिनेता सौगात मल्लका फिल्म एउटा हलबाट नउत्रिँदै अर्को लागिसकेको हुन्थ्यो । यस वर्षका लागि भने उनको पहिलो फिल्म बल्ल हलमा लागेको छ । करिब ८ महिनापछि उनको नयाँ फिल्म 'बम बहादुर' शुक्रबारबाट प्रदर्शनमा आएको हो । उनको पछिल्लो फिल्म 'द रेड सुटकेस' गत चैत ३० गते हलमा लागेको थियो । एकल प्रदर्शनको अवसर पाएको भए पनि 'बम बहादुर'लाई मल्टीप्लेक्सहरुले उल्लेख्य शो बाँडेका छैनन् ।

❒ वर्ष ३० ❒ अंक १४९ ❒ २०८१ पौष ७ गते आइतबार 22 December 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# भूकम्पको निसानामा 'बाजुरा'

## शनिबार पाँच रेक्टरको भूकम्प, मानविय क्षति हुनबाट जोगियो

**रामचन्द्र रायमाझी**

**पाल्पा,** पौष ६/२०७२ सालको शक्तिशाली भूकम्पबाट प्रभावित बनेको बाजुरामा लगातार साना-ठूला परकम्प गइरहेका छन् । अघिल्लो हप्ता मात्रै ४ पटक भूकम्प गएको छ । शनिबार यहाँको पूर्वी उत्तरी भेगको जगन्नाथ गाउँपालिकाको गोत्री केन्द्रविन्दु बनाएर पाँच दशमलव २ रेक्टर म्याग्नेच्युडको भूकम्प गएको छ । भूकम्प मापन केन्द्र सुर्खेतका अनुसार शनिबार बिहान ४ बजेर १४ मिनेटमा भूकम्प गएको हो । यहाँ बिहीबार पनि मनाङको नेस्याङ केन्द्र बनाएर ४ दशमलव७ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यसअघि बुधबार र मंगलबार पनि बझाङ केन्द्रविन्दु भएर भूकम्प गएको हो । यहाँ दुई वर्षको अवधिमा मात्रै दुई दर्जान जति साना ठूला भूकम्प गएको भूकम्प मापन केन्द्रले जनाएको छ । शनिबार बिहान गएको भूकम्पका कारण मानवीय क्षति नभए पनि सामान्यरूपमा स्थानीयहरूको घर चर्किएको बताइएको छ ।

भूकम्पको धक्का पाल्पामा समेत महसुस गरिएको थियो । भूकम्पको



झट्का महसुस भएसँगै मानिसहरूमा त्रास उत्पन्न भएको छ । भूकम्प गएपछि जिल्ला सदरमुकाम मार्तडीमा स्थानीय घरबाहिर निस्केका थिए । भूकम्प गएपछि स्थानीयले घर बाहिर निस्किदै होहल्ला गरेका हुन् । पुन: भूकम्प आउने डरले स्थानीय त्रासमा रहेका छन् । भूकम्प गएपछि क्षति के कति भयो, भन्नेबारेमा यकिन हुन सकेको छैन । विकट हिमाली जिल्लाका रूपमा रहेको यहाँका स्थानीय पालिकामा आवतजावतमा समय लाग्ने भएकाले प्रहरीको प्रारम्भिक विवरणअनुसार मानवीय क्षति नभएको र भौतिक क्षतिको विवरण सङ्कलन भइरहेको त्यहाँको स्थानीय प्रशासनले जनाएको छ । यहाँ साना परकम्पले भने खासै असर गरेका छैनन् । तर स्थानीय बासिन्दा त्रसित छन् । भूगर्भविद्हरूले पश्चिम नेपालमा ठूलो भूकम्प जान सक्ने अनुमान गर्दै आएका छन् । पछिल्लो ५०० वर्षयता पश्चिम नेपालमा ठूलो भूकम्प गएको थिएन । त्यस यता २०७२ सालमा ७.८ म्याग्निच्यूडको शक्तिशाली भूकम्प गएको थियो । बाजुरामा पटक-पटक भूकम्प जाने भएकाले बाजुरावासी त्रसित बन्दै गएका छन् । उसै त बाजुरा बाढी पहिरोको उच्च जोखिममा रहेको जिल्ला हो, त्यसैमा पटक पटक भूकम्पले बाजुरवासीलाई त्रासित बनाउने गरेको छ ।

**सक्षिप्त समाचार**

### बस दुर्घटना हुँदा ३ को मृत्यु



**रासस/एएफपी**

**कोलम्बो,** पौष ६/श्रीलङ्काको मध्य प्रान्तको ह्याटन-क्यान्डी मुख्य सडकमा रहेको मल्लवामा शनिबार एउटा यात्रुबाहक बस खाल्डोमा खस्दा तीन जनाको मृत्यु हुनुको साथै अन्य २० जना घाइते भएको प्रहरीले जनाएको छ । घटनाको समयमा बसमा २५ यात्रु सवार थिए र सबै यात्रु घाइते भएको स्थानीय प्रहरीले जनाएको छ । घाइते तीन जनाको अस्पतालमा मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ भने बाँकी यात्रुको क्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ । मोटर सवारी दुर्घटनाहरू श्रीलङ्कामा बारम्बार हुने घटनाहरू हुन् । आधिकारिक तथ्याङ्क अनुसार यस वर्ष जनवरी १ र अक्टोबर २५ बीच सडक दुर्घटनाहरूमा लगभग दुई हजार मानिसहरूको मृत्यु भएको छ ।

## विश्व ध्यान दिवस मनाइयो



**पाल्पा,** पुस ६/विश्वभर विभिन्न सचेतनामूलक कार्यक्रम गरी विश्व ध्यान दिवस मनाइएको छ । नेपालमा पनि विभिन्न धार्मिक, आध्यात्मिक, सांस्कृतिक एवं सामाजिक संस्थाहरुले विभिन्न कार्यक्रम गरी शनिबार दिवस मनाएका छन् ।

डिसेम्बर ६, २०२४ मा संयुक्त राष्ट्रसंघको महासभाले २१ डिसेम्बरलाई विश्व ध्यान दिवसको रूपमा घोषणा गरेको थियो । विश्व ध्यान दिवसका अवसरमा विश्वव्यापी रुपमा ३२ घण्टासम्म लगातार ध्यान कार्यक्रम आयोजना गरिएको छ । राष्ट्रसंघले ऐतिहासिक मान्यता दिई हरेक वर्ष डिसेम्बर २१ मा विश्व ध्यान दिवस मनाउने निर्णयको यस क्षेत्रमा काम गर्ने विभिन्न संस्थाले स्वागत गरेका छन् । नेपाल सरकारले पनि शनिबार ध्यान दिवस मनाएको छ ।

यस अवसरमा देशभरका योग, ध्यानलगायत आध्यात्मिक क्षेत्रमा काम गर्ने संघ संस्थाले ध्यानको महत्व दर्शाउन विभिन्न कार्यक्रम गरे ।

## 'कारागार सुरक्षा प्रणालीलाई चुस्त राख्न आवश्यक'

**लुम्बिनी,** पुस ६/लुम्बिनी प्रदेशका कारागारको सुरक्षा प्रणालीलाई चुस्त राख्दै पूर्वाधार सुधारमा जोड दिइएको छ । प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेशमा रहेका कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमनका क्रममा कारागारको सुरक्षालगायत क्षमताभन्दा बढी कैदीबन्दी रहेकाले कारागारको पूर्वाधार सुधार गर्नुपर्ने देखिएको मुख्य न्यायाधिवक्ता यमलाल खनालले बताए ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका सर्तसम्बन्धी ऐन, २०७५ मा प्रदेशभित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाउपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने प्रावधान छ । ऐनले तोकेको जिम्मेवारीअनुसार विभिन्न जिल्लाका कारागार तथा प्रहरी हिरासत कक्षको अनुगमन गरिएको हो । मुख्य न्यायाधिवक्ता खनालको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले रुपन्देही र नवलपरासी



बर्दघाट सुस्तापश्चिम जिल्लामा रहेको कारागार र प्रहरी हिरासत कक्षको अनुगमन गरेको थियो । अनुगमनका क्रममा कारागार प्रशासन, सुरक्षाकर्मी र हिरासत तथा थुनामा रहेका व्यक्तिसँग छलफलसमेत गरिएको मुख्य न्यायाधिवक्ता खनालले जानकारी दिए । यसै क्रममा टोलीले रुपन्देहीमा रहेको बालसुधारगृहको अनुगमन गरेको छ । कैदीबन्दीहरुको मानव अधिकारको सरक्षण, स्वास्थ्य सेवा, खानेपानी र शुलभ शौचालयको प्रबन्ध, खानपानको गुणस्तर र पोषण अनिवार्य सुनिश्चित गर्न अनुगमन टोलीले निर्देशन दिएको जनाइएको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वस्थ रहन ध्यान गरौं

स्वस्थ रहन ध्यानको महत्वपूर्ण भूमिका रहेको छ । ध्यानले मानिसलाई ज्ञानी बनाउँछ । योभन्दा बढी चञ्चल मनलाई शान्त पनि बनाउँछ । ध्यान गर्ने बानी गर्नु शरीरलाई मात्र नभएर मस्तिष्कलाई पनि राम्रो हुन्छ । प्राचीनकालमा ध्यानकै कारणले कतिपय ऋषिमुनीहरु अध्यात्मिक शक्ति प्राप्त गरेका उदाहरणहरु प्रशस्तै छन् । विश्वमा नै ध्यान प्रमुख आवश्यकता बन्दै गएको छ । सबैलाई थाहा नहुनसक्छ, नियमित रुपमा ध्यान गर्नाले जीवनमा कहिल्यै पनि औषधि खानु पर्दैन । चिकित्सकलाई धाइरहनुपर्दैन । त्यसैले ध्यानलाई सबैले व्यवहारिक जीवनमा अपनाउन जरुरी छ । दिनको कुनै पनि समयमा ध्यान गर्न सकिन्छ । विशेषगरी बिहानको समयमा ध्यान गर्नु उचित हुन्छ । ध्यान गर्नको लागि शान्त ठाउँ चाहिन्छ । घरको कुनै पनि शान्त कुनामा बसेर सजिलै ध्यान गर्न सकिन्छ । ध्यानले निरोगी बनाउँछ शरीरलाई आकर्षक बनाउन, शान्त चित्त र राम्रो स्वास्थ्यका लागि अन्य कुनै उपाय अपनाउनु पर्दैन । तर मानिसले ध्यानको महत्व जान्दा–जान्दै पनि त्यसो गरेको हुँदैन । ध्यान त्यो प्रक्रिया हो जसद्वारा हाम्रो शरीर, मन र आत्मालाई सकारात्मक तरिकाले एकसाथ समावेश गर्दछ । ध्यानको महत्वलाई विश्वभर फैलाउन हरेक वर्षको डिसेम्बर २१ मा विश्व ध्यान दिवस मनाउने गरिन्छ । शनिबार पनि यस वर्षको ध्यान दिवस नेपालसहित विश्व मनाइएको छ ।

केही वर्षयता नेपालमा पनि ध्यान र योगको महत्व केही बढ्दै गएको छ । गाउँ–गाउँमा समेत ध्यान र योग शिविर सञ्चालन हुने गरेका छन् । यो आफैमा राम्रो हो । अब सबैले ध्यान गर्नु आवश्यक भइसकेको छ । ध्यान दिवस वर्तमानको आवाज हो, आजको समयको सन्देश हो । ध्यानबाट उर्जा प्राप्त हुनुका साथै मानसिक शान्ति, चिन्तामुक्त, कार्यक्षमतामा वृद्धि आदि सकारात्मक गुणको विकास हुन्छ । ध्यान शारीरिक समस्याहरुको समाधान मात्र नभएर जीवनका सम्पूर्ण समस्याहरुको समाधान पनि हो । तसर्थ सफल जीवन जिउन र स्वस्थ रहन सधै ध्यान गरौं ।

### Opinion @ Social Network

सफलता खोज्दा खोज्दै जिन्दगीको यात्रा नै समाप्त हुन लागि सक्यो
यहा अझै गन्तव्यको टुङ्गो लागेको छैन।

*(पवन धामीकोफेसबुक स्टाटसबाट* *https://www.facebook.com/Pawan .Dhami)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता ओझेलमा



डा. दिवाकर वशिष्ठ

*नेपालको परिवेशमा संस्थागत सामाजिक उत्तरदायित्वको विश्लेषण गर्दा वास्तविक क्षेत्रलाई सहयोग गर्नुभन्दा व्यावसायिक संगठनको प्रवर्धन लक्षित देखिन्छ । संगठनले दिने सेवा गुणस्तरीय र छिटो छरितो नभएको, सामाजिक उत्तरदायित्वमा हुनेगरेको खर्च पारिदर्शी नभएको, सर्वसाधरण वा सेवाग्राहीले सार्वजनिक संस्था वा संगठनबाट सेवा लिँदा अनेक सास्ती खेप्नुपरेको, संस्थागत शुसासनको पालना नभएको, चर्को मूल्यवृद्धि गरेको, कालाबजारी गरेको, मिसावट गरेको लगायत गुनासा दिनहुँजसो सुन्नमा आइरहेको हुँदा सबै क्षेत्रमा कार्यरत संगठनले नाफामात्र नहेरी यसप्रति चनाखो भई जिम्मेवारी, जनउत्तरदायी कार्यप्रति आत्मबोध भएमा मात्र संगठनको छवि दिगो हुने देखिन्छ ।*

नेपाल लगायत विश्वका हरेक संगठनको उद्देश्य बढीभन्दा बढी नाफा कमाउने, शेयरहोल्डरको मूल्य एवं कम्पनीको उत्पादकत्व र शाख वृद्धि गर्ने कार्य गरिरहँदा वातावरण संरक्षण, सामाजिक सेवा, ग्राहक हित, नैतिकता, संस्थागत शुसासन र कानुनको पालनालाई भने नजरअन्दाज गर्नु हुँदैन । यसको पालनाबाट नै कम्पनीको सफलता र व्यवसायीको शाख वृद्धि हुने हुँदा संस्थागत सामाजिक उत्तरदायित्वको कार्य क्षेत्र परोपकारी कार्यमा मात्र सीमित नभई बृहत छ । तर पछिल्ला दिनमा संस्थागत सामाजिक उत्तरदायित्वको नाममा अधिकांश सार्वजनिक तथा निजी क्षेत्रको ध्यान लक्षित क्षेत्रको हितमा भन्दा व्यवसाय प्रवर्द्धनमा केन्द्रित हुँदा यो ओझेलमा पर्न थालेको देखिन्छ । हुन त सरकारले समेत संगठनको कुल नाफाको निश्चित प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्नुपर्दछ भनेर उर्दी जारी गरेको भए तापनि कुन संस्था वा संगठनले यस क्षेत्रमा कति रकम खर्च गरे र कुन–कुन शीर्षकमा खर्च गरे भन्ने कुरामो लेखाजोखा राख्ने वा प्रभावकारी नियमन गर्ने कार्यमा भने सम्बन्धित निकाय चुकेको देखिन्छ । मन्दिरमा रकम दान गर्ने, वृद्धाआश्रममा वृद्ध नागरिकलाई सेवा गर्ने, विद्यालयमा अध्ययरत विद्यार्थीलाई कम्प्युटर प्रदान गर्ने, प्राकृतिक प्रकोपमा परेका नागरिकलाई आर्थिक राहत दिने जस्ता परोपकारी कार्य पनि संस्थागत सामाजिक उत्तरदायित्व हो ता पनि यस कार्यले मात्र संस्थागत सामाजिक उत्तरदायित्वको अर्थ र कार्य पूरा हुँदैन । संस्थागत सामाजिक उत्तरदायित्व भनेको त जनसाधरणलाई अभाव र महँगीबाट मुक्त, वातावरणको संरक्षण, कानुनको पालना, संस्थागत सुशासनको पालना गर्ने, सर्वसाधरणलाई उनीहरूको इच्छा, आकांक्षा बुझी गुणस्तरीय सेवा छिटोछरितो रूपमा उपलब्ध गराउने हो । मिसावट, कालाबजारी जस्ता कार्यलाई निरुत्साहित गर्ने, सामाजिक हित र प्रतिष्ठालगायतको पालना गर्ने हो । पछिल्ला दिनमा मौलाएको परोपकारी कार्यमा केही रकम खर्च गर्ने, सडकमा व्यानर लिएर जनचेतना जगाउने नाममा केही किलोमिटर सामुहिक र संस्थागत नाममा हिँड्ने कार्य वा प्रदर्शनले जिम्मेवारी र जवाफदेहिता विनाको व्यवसाय प्रवर्धनमा मात्र जोड दिएको देखिन्छ । व्यावसायिक संस्थाहरूले मुनाफाको निश्चित प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गराउन सरकारले आधार र मापदण्ड तयार गरी सबै क्षेत्रमा निष्पक्ष र पारदर्शी ढंगले लागू गराउने हो भने यसको उद्देश्य पूरा हुन गई लक्षित वर्ग र समुदायमा सहयोग पुग्ने देखिन्छ ।

विश्वव्यापीकरण एवं सूचना प्रविधिको तीव्र विकासका कारण हरेक व्यावसायिक संगठनले पछिल्ला दिनहरूमा एक आपसमा कडा प्रतिस्पर्धा गर्नु परेको छ । अर्कोतर्फ उपभोक्ता पनि दिन प्रतिदिन वस्तु तथा सेवाको गुणस्तर र उपलब्धताप्रति सचेत बन्दै गएको अवस्थामा संगठनमा काम गर्ने कर्मचारीलाई खुशी तुल्याउने, उचित ज्याला र तलब भत्ताको व्यवस्था गर्ने, स्वस्थ प्रतिस्पर्धा गर्ने, दक्ष कामदारको विकास गरी वस्तु तथा सेवाको गुणस्तरमा ध्यान केन्द्रित गर्ने कार्यलाई समेत संस्थागत सामाजिक उत्तरदायित्व ले समेट्नु पर्दछ । संस्थागत सामाजिक कार्य सम्पादन, नागरिक व्यवहार, स्टेकहोल्डरको हित, व्यवस्थापन उत्तरदायि र संगठनको कुशल नेतृत्वले मात्र गर्न सक्ने हुँदा यसतर्फ सम्बन्धित संगठनको सञ्चालक समिति, महाप्रबन्धक वा कार्यकारी र अन्य कर्मचारीहरू पनि उतिकै चनाखो हुनुपर्ने बेला आएको छ । कुनै पनि संगठन समाजमै जन्मिन्छ, हुर्किन्छ र समाजमा नै अन्त्य हुन्छ । समाजबाट नै कच्चा पदार्थलगायत स्रोतसाधन उपलब्ध गर्दछ तत् पश्चात् उत्पादन गर्दछ । उत्पादित वस्तु तथा सेवाको बिक्री वितरण वा बजारीकरण पनि समाजमा नै गर्नुपर्ने हुँदा हरेक संगठन समाजप्रति उत्तरदायि हुन जरुरी छ । तसर्थ संस्थागत सामाजिक उत्तरदायित्व आजको अपरिहार्य आवश्यकता हो भन्नुमा अत्युक्ति नहोला । समाजलाई प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी दिने कार्य, खानेपानी, ढल, सडक निर्माणलगाय ग्रामीण विकास, रक्तदान, स्वास्थ्य सेवा शिविरदेखि वस्तु तथा सेवाको उपलब्धताद्वारा जनसाधरणको न्यूनतम आवश्यकता पूरा गर्ने कार्यसम्म पनि संगठनबाट नै हुनेहुँदा कुनै पनि संगठन संस्थागत सामाजिक उत्तरदायित्वबाट बिमुख हुनसक्दैन । संस्थागत सामाजिक उत्तरदायित्वको मुख्य पक्षहरूमा कानुनको पालना, सामाजिक योगदान, सर्वहित, पारदर्शिता एवं इमानदारी र सहयोग एवं सार्वजनिक अपेक्षा पूरा गर्नु हुन् । संगठनको बजार शाखमा वृद्धि, स्टेकहोल्डर संगको आत्मियतामा वृद्धि, व्यवसायको उत्पादकत्व र नाफादायकतामा वृद्धि, सञ्चारमाध्यमलाई सकारात्मक बनाउन सकिने, कानुनी झन्झटबाट मुक्ति, नयाँ व्यावसायिक अवसर प्राप्त गर्न सकिनेछ । असल व्यावसायिक वातावरणको निर्माणलगायत रहेका छन् जसबाट संस्थागत सामाजिक उत्तरदायित्व समाजका लागि मात्र नभई संगठन स्वयंका लागि फलदायी छ भन्ने कुरा प्रमाणित हुन्छ । नेपालको परिवेशमा संस्थागत सामाजिक उत्तरदायित्वको विश्लेषण गर्दा वास्तविक क्षेत्रलाई सहयोग गर्नुभन्दा व्यावसायिक संगठनको प्रवर्धन लक्षित देखिन्छ । संगठनले दिने सेवा गुणस्तरीय र छिटो छरितो नभएको, सामाजिक उत्तरदायित्वमा हुनेगरेको खर्च पारिदर्शी नभएको, सर्वसाधरण वा सेवाग्राहीले सार्वजनिक संस्था वा संगठनबाट सेवा लिँदा अनेक सास्ती खेप्नुपरेको, संस्थागत शुसासनको पालना नभएको, चर्को मूल्यवृद्धि गरेको, कालाबजारी गरेको, मिसावट गरेको लगायत गुनासा दिनहुँजसो सुन्नमा आइरहेको हुँदा सबै क्षेत्रमा कार्यरत संगठनले नाफामात्र नहेरी यसप्रति चनाखो भई जिम्मेवारी, जनउत्तरदायी कार्यप्रति आत्मबोध भएमा मात्र संगठनको छवि दिगो हुने देखिन्छ । संस्थागत सामाजिक उत्तरदायित्व निम्न कारणले पछिल्लो समय ओझेलमा पर्दै जान थालेको छ । सबै व्यावसायिक संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)सम्बन्धी खर्चलाई नियमन गर्ने गरी छुट्टै छाता कानुनको अभाव रहनु, संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मोडालिटी स्पष्ट नहुँदा खर्च प्रभावकारी हुन नसक्नु । संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चको हिसाब परदर्शी हुन नसक्नु । कतिपय संस्थाबाट गरिएका खर्चहरू वित्तीय विवरणमा देखाउने तर यथार्थ खर्च नहुने गरेको सार्वजनिक निकायले यस क्षेत्रमा गरिने खर्चको क्षेत्र तोकी नीति तथा कार्यक्रम, बजेटमार्फत खर्च गरी सार्वजनिक वित्तमा देखिएको न्यून बित्त पूर्ति गर्ने औजारको रूपमा प्रयोग गर्न नसक्नु पनि हो । संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी खर्चको एकीकृत अभिलेखको अभावले यस्ता संस्थाबाट गरेको योगदानको मूल्यांकन गर्न समस्या रहेको, संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी खर्चले व्यावसायिक संस्थाको साखमा वृद्धि गरी व्यावसायिक कारोबारमा बढोत्तरी हुने भए पनि यसलाई बोझको रूपमा लिनु । व्यावसायिक क्षेत्र र समुदायबीच विश्वासको वातावरण न्यून हँदा व्यावसायिक उल्झन् कायमै रहनु, सबै व्यावसायिक संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) सम्बन्धी खर्चलाई नियमन गर्ने निकायहरूबीच आवश्यक समन्व नहुँदा खर्चमा दोहोरोपना हुने तथा अनुगमनसमेत प्रभावकारी हुन नसक्नु । यसको लाभ लक्षित वर्ग र ग्रामीण दुर्गम क्षेत्रमा पुग्न नसक्नु, संस्थागत सुशासनको अभावले व्यावसायिक संस्थाबाट सेवा लिँदा विभिन्न किसिमका सास्ती खेप्नुपरेको, चर्को मूल्यवृद्धि, कालोबजारी र मिसावटबाट सर्वसाधरण आजित भएको, न्यून गुणस्तरका सेवा दिने गरेको लगायत छन् ।

संस्थागत सामाजिक उत्तरदायित्वलाई थप प्रभावकारी र व्यवस्थित बनाई आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउनुपर्दछ । समाजप्रति बढी जिम्मेवार र जवाफदेही हुन निम्न कदम चाल्नु पर्दछ जसमा संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी खर्चको प्रभावकारी उपयोग, प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चलाई पारदर्शी बनाउने, व्यावसायिक संस्थाबाट सामाजिक उत्तरदायित्वमा गरिएका खर्चहरू तोकिएको क्षेत्रमा भए नभएको यकिन हुनुपर्ने, संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी खर्चको एकीकृत अभिलेख तयार गरी व्यावसायिक संस्थाले सामाजिक विकासमा गरेको योगदानको मूल्यांकन गर्ने व्यवस्था गर्ने, व्यवसायको साखमा वृद्धि गर्छ भन्ने विश्वास अभिवृद्धि गर्ने । व्यावसायिक क्षेत्र र समुदायबीच विश्वासको बनाउने, व्यावसायिक संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)सम्बन्धी खर्चलाई नियमन गर्ने निकायहरूबीच आवश्यक समन्वय गरी अनुगमन तथा मूल्यांकनलाई थप प्रभावकारी बनाउने, संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी खर्चलाई एकै क्षेत्रमा केन्द्रित हुन नदिई ग्रामीण तथा दुर्गम क्षेत्रमा समेत उपयोग हुनेगरी समाबेसी विकासमा जोड दिने । संस्थागत सामाजिक उत्तरदायित्वको दायरा विस्तार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता क्रमश: दिगो विकास लक्ष्यको प्राप्ति, जलवायु परिवर्तन न्यूनीकरण र वातावरण संरक्षणमा यससम्बन्धी कार्यक्रमलाई समेत आबद्ध गर्नु पर्दछ । व्यावसायिक संस्थाहरूले सामाजिक विकासमा गरेको योगदानको कदर गर्दै कर तथा अन्य व्यावसायिक सहुलियतहरू सहज ढंगले प्राप्त गर्नसक्ने नीतिगत व्यवस्था गर्ने । सबै व्यावसायिक संस्थालाई संस्थागत सामाजिक उत्तरदायित्वको दायरामा ल्याई समाजप्रतिको दायित्व बोध गराउन सकेमा यसको प्रभावकारितामा थप वृद्धि हुने कुरामा कसैको विमति नरहला ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । कला र गलाको प्रभाव बढ्नेछ । | **तुला** : व्यापार व्यवसायमा रुची बढ्ने देखिन्छ । उपहार पाइने सम्भावना छ । |
| **वृष** : समाजसेवामा मन लाग्नेछ । उपकार गरेर अरुको मन जित्न सकिनेछ । | **वृश्चिक** : मंगल कार्यको योग छ । चिताएको कामले तीव्रता लिनेछ । |
| **मिथुन** : मनमा चञ्चलता बढ्नेछ, तर साँझमा शुभ समाचार सुन्नमा आउला । | **धनु** : आय आर्जनका क्षेत्रमा सुधार आउनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **कर्कट** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । मान प्रतिष्ठामा वृद्धि होला । | **मकर** : अचल सम्पत्ती हात पर्न सक्छ । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । मंगल कार्यको योग छ । | **कुम्भ** : व्यर्थको यात्रामा जान बाध्य भइएला । मन खिन्न हुने स्थिति आउनेछ । |
| **कन्या** : कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत पनि बढ्ला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

# कृषि

## भैंसी पालक किसानको घर आगनमा प्रदेश सरकार



लुम्बिनी प्रदेश सरकारले भैंसी पालक किसान संग छलफल गरेको छ । दाङ जिल्लाको राजपुर र गढवा गाउँपालिकाका भैंसी पालक किसान संग कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीसहित मन्त्रालयको एक प्रतिनिधि मण्डलले घरदैलोमा पुगेर किसान संग छलफल र अन्तरक्रिया गरेको छ । किसानले भोग्दै आएको दुधको बजारीकरण गर्न प्रदेश सरकारले पहल लिने प्रतिबद्धता मन्त्री पन्थीले व्यक्त गरे । 'उत्पादनमा आधारित प्रदेश सरकारले दिँदै आएको अनुदान किसानकै हातमा पुग्छ । पुऱ्याएका पनि छौं'मन्त्री पन्थीले भने 'अव दुध उत्पादन बढाउन नश्ल सुधार र उत्पादित दुधको बजारीकरणकालागि सरकारले योजना बनाउछ ।' राजपुर भैंसीपालनका लागि राम्रो ठाउँ भएको भन्दै मन्त्री पन्थीले किसानले दुधको उत्पादनलाई बढाउन परम्परागत रूपमा रहेको भैंसीपालनलाई आधुनिकीकरणसँगै नश्रुल सुधारमा ध्यान दिनुपर्ने बताए । 'परम्परागत रुपमा भैंसीपालन गर्दा किसानको लगानी धेरै, नाफा कम भइरहेको छ', मन्त्री पन्थीले भने, 'परम्परागत रूपमा गरिएको भैंसीपालनले किसानको अवस्थामा सुधार आउँदैन । किसानले थोरै लगानीबाट धेरै आम्दानी गर्नेतर्फ सोच्नुपर्छ ।' त्यसका लागि किसानले गोठ सुधार, पौष्टिक आधार, नश्रुन सुधारदेखि उत्पादन भएको दुधको बिक्रीमा ध्यान दिनुपर्ने बताए । परम्परागत रहेको भैंसीपालनलाई व्यवस्थित गर्दै अघि बढ्न सके प्रशस्त आम्दानीसँगै रोजगारीका अवसर समेत सिर्जना गर्न सकिने मन्त्री पन्थीको भनाइ थियो । दुध उत्पादक किसानले भोग्दै आएका समस्या समाधानका लागि लुम्बिनी प्रदेश सरकार गम्भीर रहेको भन्दै मन्त्री पन्थीले भने, 'व्यावसायिक रूपमा उत्पादन गरेको दुध टाउकोमा बोकेर बिक्री गर्न साध्य छैन, घरबाटै दुध बिक्री हुन सक्नुपर्छ । किसानले भोग्दै आएको दुध बिक्रीको समस्या समाधानका लागि प्रदेश सरकारले सहजीकरण गर्नेछ ।' यादव सेवा समाज दाङ देउखुरीले भैंसीपालक किसानले भोग्दै आएका समस्या समाधानका लागि अन्तरक्रिया कार्यक्रम गरेको छ । जनप्रतिनिधिसहित भैंसीपालक किसानको सहभागितामा राजपुर गाउँपालिका-३ खरदरियामा अन्तरक्रिया कार्यक्रम भएको थियो । कार्यक्रममा सहभागीले परम्परागत रूपमा पाल्दै आएको व्यवसायलाई आधुनिकीकरण गर्नेदेखि उत्पादन भएको दुधको उचित मूल्यसँगै बजारीकरणमा सरकारले सहयोग गर्नुपर्ने माग गरेका थिए । कार्यक्रम यादव समाज सेवा संघका केन्द्रीय अध्यक्ष हिरालाल यादवको अध्यक्षता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीको प्रमुख आतिथ्यतामा भएको थियो ।

**किसानको चाहना गाउँबाटै दुध विकोस** : राजपुर गाउँपालिका-३ खरदरिया निवासी रामधिरज यादव भैंसीपालक किसान हुनुहुन्छ । उहाँसँग अहिले ३५ भैंसी रहेका छन् । पुर्ख्यौली पेसाका रूपमा भैंसीपालन गर्दै आउनुभएका यादवका १४ वटा भैंसीले दुध दिने गरेका छन् तर गाउँमा दुध बिक्रीका लागि डेरी वा दुध सङ्कलन केन्द्रको व्यवस्था नहुँदा प्रत्येक दिन करिब ३५ किलोमिटर टाढा रहेको घोराही बजारसम्म आउनुपर्ने बाध्यता रहेको बताए । 'गाउँमै दुध बिक्री गर्ने व्यवस्था भइदिए सहज हुने थियो', राजपुर गाउँपालिका-३ खरदरिया पुगेका लुम्बिनी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीसँग समस्या राख्दै ७० वर्षीय यादवले भने, 'भैंसीपालक किसानका लागि पानी र घाँसको अत्यन्त आवश्यक छ तर गाउँमा पानी नै नहुँदा समस्या भइरहेको छ । पानीको व्यवस्थासँगै दुध बिक्रीका लागि सहज व्यवस्था गरिदिए प्रत्येक दिन घोराहीसम्म जानुपर्ने थिएन ।' गाउँमा दुध खरिद गर्न आउने व्यवसायीले अत्यन्त कम मूल्य दिँदा किसान आफैं दुध बिक्रीका लागि लमही, घोराही, भालुबाङ बजारसम्म जाने गरेको बताए । आफैं दही, दुध बिक्रीका लागि बजारसम्म जाँदा थोरै भए पनि आम्दानी हुने र घरव्यवहार चलाउन सहज भएको बताए । उहाँका अनुसार बजार १०० रुपैयाँ लिटर बिक्री हुने दुध गाउँमा व्यवसायीले प्रतिलिटर ५०/६० रुपैयाँ मात्र दिने गरेको बताए । गाउँमा व्यवसायीलाई दुध दिँदा भैंसीपालनमा गरेको लगानी नै नउठ्ने अवस्था रहेको अर्का किसान सिताराम यादव बताउँनुहुन्छ । गाउँमा दुधको मूल्य नहुँदा किसान आफैँले बोकेर बजारसम्म लैजानुपर्ने बाध्यता रहेको बताए । दुध बिक्रीदेखि भैंसीलाई खुवाउनका लागि पानीको गाउँमा अत्यन्त समस्या रहेको भन्दै यादवले भने, 'भैंसीपालन नै हाम्रो मुख्य पेसा हो । दही, दुध बिक्री गरेर घर परिवार चलाउने गरेका छौ तर उत्पादन भएको दही, दुध बिक्री गर्नै समस्या छ । गर्मी मौसममा भैंसीलाई खानेपानी नै हुँदैन । जस्ले गर्दा घाँस खेती गर्नै समस्या छ, यसतर्फ सरकारले ध्यान दिए हामीलाई सहज हुने थियो ।' परम्परागत रूपमा रहेको भैंसीपालनलाई आधुनिकीकरण गर्न किसान उत्सुक रहे पनि आर्थिक अभावका कारण नसकेको भन्दै यादवले प्रदेश तथा स्थानीय सरकारले अनुदानको व्यवस्था गरेर गोठ तथा नस्ल सुधारमा सहयोग गर्नुपर्ने मन्त्री पन्थीसँग माग गर्नुभयो । खरदरियाका सिताराम र रामधिरज जस्तै बेला, मटेरिया, प्रतापपुरलगायतका गाउँका किसानले दुधको उचित मूल्यसँगै बजारीकरणमा सहयोग गरिदिन सरकारसँग माग गरेका हुन् ।

*-इहिमालय टाइम्स डटकम*

## मुस्ताङमा आलु 'जोन'



मुस्ताङका पाँच स्थानीय तहमा चालु आर्थिक वर्षदेखि आलुको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) सञ्चालन गरिएको छ । व्यावसायिक आलुखेती विस्तार, गुणस्तर सुधार, उत्पादन वृद्धि र बजारीकरणमा सघाउने उद्देश्यले जोन कार्यक्रम सञ्चालन गरिएको हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत यसअघि मुस्ताङमा स्याउ र च्याङ्ग्रा जोन कार्यक्रम सञ्चालन हुँदै आएको छ । म्याग्दी र मुस्ताङ कार्यक्षेत्र भएको परियोजनाको जोमसोमस्थित कार्यालयका प्रमुख भरतराज गौतमले आलु जोन कार्यक्रममा ७१ कृषि फार्म, समूह र सरकारी सूचीकृत भएका जानकारी दिए ।

कार्यक्रममार्फत आलुखेती गर्ने कृषकलाई मल, बीउ खरिद, साना सिँचाइ निर्माण, भण्डारण, बजारीकरणलगायत कामका लागि ५० देखि ८५ प्रतिशतसम्म अनुदान दिइने उनँले बताए । आलु जोन कार्यक्रमका लागि चालु आवमा रु एक करोड १७ लाख बजेट प्राप्त भएको गौतमले जानकारी दिए । पाँच सय हेक्टर क्षेत्रफलमा आलु खेती गरेका कृषकहरूलाई जोन कार्यक्रममा समेटिएको छ । छनोट भएका कृषक समूह, सहकारी र फार्महरूसँग अनुदानका लागि सम्झौता गर्न थालिएको परियोजनाका प्रमुख गौतमले उल्लेख गरे । चार सय ५९ हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आएको मुस्ताङमा यस वर्ष सात हजार ३१ मेट्रिक्टन उत्पादन भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । मुस्ताङमा स्थानीय कुफ्रिज्योति जातको आलुखेती हुन्छ । मुस्ताङमा उत्पादन भएको आलु म्याग्दी, बागलुङ, पोखरा, काठमाडौं, चितवन, रुपन्देहीलगायत देशका विभिन्न सहरमा बिक्री हुने गर्दछ । चिसो हावापानीमा रासायनिक विषादी र मलको प्रयोगबिना प्राङ्गारिक विधीबाट उत्पादन भएको मुस्ताङको आलु स्वादिलो र पोषिलो मानिन्छ ।

*-रासस*

## 'अम्लीयपन बढ्दा किसानलाई टिक्न कठिन'



***माटोमा नाइट्रोजनको मात्रा घट्न नदिने र स्थिरीकरण गर्ने बालीहरूलाई कृषि प्राविधिकहरूको शब्दावलीमा 'लेग्यूमिनस क्रप' (कोसे बाली) भनिन्छ । कोसेबालीले माटोलाई ओसिलो बनाउन मद्दत गर्छन्, जसका कारण जीवाणु र कीटपतङ्गको सक्रियता बढ्छ । ती बालीले वायुमण्डलमा भएको नाइट्रोजन ग्रहण गर्छन् र गिर्खायुक्त लामा जराहरूले माटोको भित्री तहसम्म नाइट्रोजन पुऱ्याउँछन् ।***

तराई र शहर वरपर तरकारी खेती हुने गाउँको तुलनामा उच्च पहाडी र हिमाली भेगको माटो उर्वर भेटिन्छ । नार्कले सार्वजनिक गरेको माटोको गुणस्तर सम्बन्धी डाटाबेसले पनि त्यसको पुष्टि गर्छ । ललितपुर घुसेलको खेतटारका किसान धनबहादुर थिङ (५५ वर्ष) लाई माटोको उत्पादकत्व घटेको राम्रैसँग महसुस भएको छ । कुलो भत्किएपछि धानखेती हुन छाड्यो । बारीमा तोरी, मकै, गहुँ, जौ जस्ता अन्न लगाउने उनले बीचमा तरकारी खेती पनि गरेका हुन् । तर सोचेजति उब्जाउ भएन । माटो परीक्षण गर्दा अम्लीयपन बढेको भनेर प्राविधिकहरूले बताएका रहेछन् । उनलाई २०७२ सालको भूकम्पले जमिन हल्लाएपछि अन्न उब्जाउ घटेको भन्ने लाग्छ । अझ आफ्नै खेतमुनिबाट फास्ट ट्र्याकको सुरुङ खन्ने योजना बनेपछि जमिन थप बिथोलिनेमा उनी चिन्तित छन् । निर्माणाधीन फास्ट ट्रायकको अलि माथिल्लो पाखामा घरगोठ भएका उनी खेतीपातीबाट भविष्य नदेखेर प्लस टु पढेकी छोरीलाई दुबई पठाउने तयारीमा छन् । जीवनको ऊर्जाशील दुई दशक माटोमा बिताएका देवीचौरका अर्का किसान सोमनाथ तिमिल्सिना पछिल्ला वर्षहरूमा देखिएको समस्याले खेतीकिसानीमा टिक्नै गाह्रो हुन थालेको अनुभव सुनाउँछन् । लगाएका तरकारीमा एकाएक समस्या आउँदा त्यो खेपको उत्पादनमा त असर पर्छ नै, अर्को खेतीमा पनि जाँगर आउँदैन । ज्यामीको लागत, कृषि औजार, बीउबिजन सबै महँगिएकाले खेतीपातीको लागत पछिल्ला वर्षहरूमा बढ्दो छ । झनै उत्पादन घट्दा किसानहरूलाई हुने लाभ दिन प्रतिदिन घट्दो रहेको अनुभव सुनाउँछन्, तिमिल्सिना । तरकारी खेतीका लागि राम्रो मानिएको देवीचौरकै लामिडाँडामा धमाधम जग्गा बिक्री भयो । बाहिरका मानिसहरूले जग्गा किनेपछि खेती गर्न छाडे । 'हामीपछिका पुस्ताले माटोमा खेलेर ज्यान पाल्लान् भन्ने नसोचे हुन्छ' सोमनाथ भन्छन्, 'यसरी उब्जाउ घटेको देख्दा हामी पनि टिक्न सकिँदैन कि भन्ने लाग्न थाल्यो ।' माटोको घट्दो उर्वराशक्तिले शुरूमा किसानलाई असर परे जस्तो देखिए पनि त्यसले मानिसको जीवनयापनलाई नै असर गर्छ । माटोको उर्वराशक्ति घट्दा किसानको लागत बढ्छ । उनीहरूलाई खेती गर्ने जाँगर हराउँछ, उत्पादन घट्छ । कृषि वैज्ञानिकहरूका अनुसार, किसानहरूले विभिन्न उपायले खेतीपाती गर्ने हो भने माटोको उर्वराशक्ति जोगाउन सकिन्छ । भूक्षयको रोकथामदेखि माटोमा प्राङ्गारिक पदार्थको नियमित आपूर्ति अनि बालीचक्र फेरेमा माटोको उर्वराशक्तिलाई केही हदसम्म भए पनि जोगाउन सकिन्छ । स-साना प्रयासहरूबाट माटोको उर्वराशक्ति कायम राख्न सकिने किसानहरू बताउँछन् । अन्नबाली लगाउने आदतदेखि प्राङ्गारिक पदार्थको प्रयोग अनि कृषि रसायनहरूलाई सकेसम्म न्यूनीकरण गर्ने प्रयास गरेमा माटोको उर्वरा कायम गर्न मद्दत पुग्छ । कृषि चुनको प्रयोगले माटोको अम्लीयपना घटाउन मद्दत पुग्छ, साथसाथै बालीचक्र पनि परिवर्तन गर्नुपर्छ । धान, त्यसपछि गहुँ र फेरि मकै लगाउने अभ्यासका कारण अन्नबाली भन्दा पनि बालीनालीका बोटले माटोको खाद्यतत्व बढी सोस्छन् । बालीनालीका अवशेषहरू खेतबारीमा पुग्न पाउँदैनन् । घाँसेबालीको कोटिमा पर्ने कोदो माटोको उर्वरा बढाउने बाली पनि मानिन्छ । त्यो आफैंमा पौष्टिक खाद्यान्न पनि हो । फापर, घैया धान जस्ता वैकल्पिक अन्नबालीको खेतीले बालीचक्र बदलिन्छ र माटो रुखो हुन पाउँदैन ।

माटोमा नाइट्रोजनको मात्रा घट्न नदिने र स्थिरीकरण गर्ने बालीहरूलाई कृषि प्राविधिकहरूको शब्दावलीमा 'लेग्यूमिनस क्रप' (कोसे बाली) भनिन्छ । कोसेबालीले माटोलाई ओसिलो बनाउन मद्दत गर्छन्, जसका कारण जीवाणु र कीटपतङ्गको सक्रियता बढ्छ । ती बालीले वायुमण्डलमा भएको नाइट्रोजन ग्रहण गर्छन् र गिर्खायुक्त लामा जराहरूले माटोको भित्री तहसम्म नाइट्रोजन पुऱ्याउँछन् । कोसेबालीको जराको गिर्खामा हुने राइजोबियम नामक जीवाणुले हावाबाट नाइट्रोजन स्थिरीकरण गरी माटोमा पुऱ्याउँछन् । कोसेबाली लगायतको खेतीले माटोमा अम्लीय र क्षारीयपनको सन्तुलन कायम हुन्छ । बालीचक्रमा यस्ता बाली समावेश गर्दा किसानहरूले युरिया मलको प्रयोग गर्नुपर्ने आवश्यकता पनि केही घट्छ । कृषि वैज्ञानिकहरू वर्षमा एकपटक खेतबारीमा कोसेबाली लगाउन सुझाव दिन्छन् । तराई र शहर वरपर तरकारी खेती हुने गाउँको तुलनामा उच्च पहाडी र हिमाली भेगको माटो उर्वर भेटिन्छ । नार्कले सार्वजनिक गरेको माटोको गुणस्तर सम्बन्धी डाटाबेस (तथ्यांक भण्डार) ले पनि त्यसको पुष्टि गर्छ । रसुवाको गल्ताङ गाउँ त्यसको उदाहरण हो । नेपाल र चीनको सीमानजिकै पर्ने सो गाउँमा मानिसहरूले सिमी, आलुदेखि फापर, कोदो लगाउँछन् । पछिल्लो ३/४ वर्षयता गल्ताङमा बन्दाकोभीको खेती बढ्दो छ । किसानहरूले लेकका भेडीगोठ वरपर पत्करहरू थुपार्छन्, कुहिएपछि खेतबारीमा हाल्छन् । लेकका गोठहरूमा रहने चौरीको मल त्यसैगरी प्रयोग हुन्छ । 'यहाँ न रासायनिक मल आवश्यक छ, न कीटनाशक विषादी नै चाहिन्छ' गल्ताङका पूर्वशिक्षक पेम्बा तामाङ भन्छन्, 'गल्ताङको तरकारी बजारमा खोसाखोस हुन्छ ।' रसुवा पार्वतीकुण्डका एक किसानले मल बनाउन चौरीखर्कमा संकलन गरेको पतिङ्गर । माटो विज्ञान अनुसन्धान महाशाखाका प्रमुख डा. श्रीप्रसाद विष्ट मध्यपहाडका भिरालो जमीनमा भूक्षय हुन नदिन कृषि वन प्रणाली (एग्रो फरेष्टी) का उपायहरू अपनाउन सुझाव दिन्छन् । डालेघाँसका रूख लगाउनेह अनि बाली लगाउने, तल फेरि डालेघाँसको रूखका लहरहरू व्यवस्थापन गर्दा वर्षायाममा माटो बग्दैन । अर्कोतर्फ माथिबाट पर्ने पानीको वेग रूखहरूमा ठोक्किने भएकाले माटोलाई कम असर गर्छ । केही वर्षअघि कोरियाका कृषि प्राविधिकहरू खेतीपातीको दिगोपनाबारे महिलाहरूलाई तालिम दिन ललितपुरको घुसेल पुगेका थिए । रुचि राख्ने किसानहरूको संख्या नपुगेपछि कोटा पूरा गर्न थपिएका विष्णुप्रसाद तिमिल्सिनाले प्राङ्गारिक मल, विषादी विना कीटाणु हटाउने उपाय र बाँझोखेती जस्ता विषय सिक्ने अवसर पाए । बिहान उठेदेखि साँझ ओछ्यानमा नपुग्दासम्म विष्णु र गंगा तिमिल्सिनाको हातमा माटो टुटेको हुँदैन । गत १२ असोजमा आएको पहिरो र त्यसले घर भत्काएकोमा खिन्न देखिने उनी खेतीकिसानीबाटै नयाँ घर ठड्याउने आँटमा छन् । आफ्नो लयमा खुरुखुरु काम गरिरहेका भेटिने उनीहरूलाई एउटै लयमा खेतीकिसानी गर्न पाए पुग्छ । २/३ वर्षदेखि बाँझोखेती गरिरहेका उनी त्यसलाई थप फैलाउन चाहन्छन् । 'माटो जोगाएर खेती गर्ने र उसको स्याहारसुसार पनि गर्ने हो भने खेतीपातीले एकनाश दिंदोरहेछ' उनी भन्छन्, 'रासायनिक मल र विषादी प्रयोग गरेर २/४ किलो बढी उत्पादन होला । तर माटो बिग्रेला भन्ने चिन्ता लाग्छ । तत्कालको देख्नु भन्दा परसम्मको सोच्नु राम्रो हो ।'

*-अनलाइन खबर डटकम*

# तानसेनमा सामूहिक बेलविवाह र व्रतबन्ध गरिदैं



**पाल्पा,** पौष ६/आउँदो माघ २५ तानसेनमा सामूहिक बेलविवाह र व्रतबन्ध गरिने भएको छ । नेवा: गुठी तानसेनले विगतमा जस्तै यस वर्ष पनि नेवा: समुदायका बालबालिकाहरूको सामूहिक इही (बेलविवाह) एवं व्रतबन्ध गरिदिन लागेको हो ।

नेवारी संस्कृतिलाई निरन्तरता दिन सामूहिक इही (बेलविवाह) एवं व्रतबन्ध गर्न लागिएका गुठी तानसेनका अध्यक्ष प्रकाश नाथ गोङ्गलले जानकारी दिए । उनका अनुसार भक्तपुरका नेवा: बाजे मृगेन्द्र राजोपाध्यायद्वारा पुजा गरिने छ । गुठीको तानसेनमा बसेको भेलाले माघ २५ गते बेलविवाह र व्रतबन्ध गर्ने निर्णय गरेको अध्यक्ष गोङ्गलले एनजेडीलाई जानकारी गराए । भेलामा गुठीका सल्लाहकार निर्मल श्रेष्ठले नेवा समुदायमा बेलविवाह एवं व्रतबन्धको महत्वबारे प्रकाश पार्दै सांस्कृतिक, धार्मिक परम्परालाई संरक्षण गर्न सामूहिक रुपमा लाग्न सबैलाई आग्रह गरे । कार्यक्रममा गुठीका शशी श्रेष्ठ,सुशिला श्रेष्ठ, रवि मोहन मलेपति, विरेन्द्र मानसिंह, सुनिता प्रधान, स्वस्तिका श्रेष्ठ लगायगले संस्कृतिको संरक्षण गर्नु हामी सबै दायित्व भएकाले त्यसमा एक जुट भएर लाग्नुपर्नेमा जोड दिए । बेलविवाह तथा व्रतबन्ध कार्यक्रमको तयारीका लागि गुठीका उपाध्यक्ष हरिलाल अमात्यको संयोजकत्वमा विभिन्न उपसमितिको गठन गरिएको छ । इही तथा व्रतबन्ध गर्न चाहने नेवा समुदायका बालबालिकाका अभिभावकहरूले समयमा नै गुठीमा नाम दर्ता गर्न समेत गुठीले सबैमा अनुरोध समेत गरेको छ । जसका लागि गुठीका अध्यक्ष प्रकाश नाथ गोङ्गल,उपाध्यक्ष एवं कार्यक्रम संयोजक हरिलाल अमात्य,सह सचिव सुनिता श्रेष्ठलाई सिधै सम्पर्क गर्न सकिने जनाइएको छ । नेवार जातिमा बेल जस्तो भयो दुलहीको वर पनि उस्तै हुने विश्वास गरिन्छ । इही नेवार समुदायका अरू धेरै संस्कारमध्ये एउटा अति महत्वपूर्ण संस्कार हो । इही कन्यादानकै एक विधि पनि हो । हिन्दू धर्मावलम्बी नै भए पनि नेवारहरूले दसकर्म संस्कारलाई मात्रै अनुसरण गर्दै आएको पाइन्छ । तिनै दशकर्म संस्कार मध्ये कन्यालाई गरिने संस्कार हो, इही । पुरुषको चूडाकर्म गरिएजस्तै कन्याको इही र बा:रा: तयेगु चलाइएको हो । चूडाकर्म हिन्दू संस्कारसँग सम्बन्धित छ भने इही र बा:रा: तयेगु हिन्दू र बौद्धको मिश्रित संस्कारमा आधारित पाइन्छ ।

# 'कारागार सुरक्षा प्रणालीलाई...

...यस्तै कैदीबन्दीहरुको पुन:स्थापना र पुन:सामाजिकीकरणका लागि सञ्चालन गरिएका तालिम, सीप विकास कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन टोलीले निगरानी गरेको छ ।

कारागार अनुगमनले कारागार व्यवस्थापनलाई सुधार गर्न र न्यायिक प्रणालीलाई थप प्रभावकारी बनाउन मद्दत पुग्ने मुख्य न्यायाधिवक्ता खनालले बताए । नवलपरासी कारागारमा क्षमताभन्दा अधिक संख्या रहेकाले केही कैदीबन्दीको संख्या तत्काल स्थानान्तरण गर्नुपर्ने, थुनामा रहेका प्राय: युवा नै रहेकाले श्रम र रोजगारीको लागि व्यवस्था गर्नुपर्ने, बाल सुधारगृहमा ४२ जना विद्यार्थी रहेकामा उनीहरुका लागि शिक्षक व्यवस्था गर्नुपर्ने, उमेर पुगेकाको संख्या पनि धेरै रहेकाले तिनीहरुलाई तत्काल प्रक्रिया पूरा गरी कारागार स्थानान्तरण गर्नुपर्ने अनुगमन टोलीले निष्कर्ष निकालेको छ । भविष्यमा कुनै जोखिमपूर्ण अवस्था नआओस् भन्नेबारेमा सम्बन्धित निकायले समस्या समाधानका लागि पहल गर्नुपर्ने अवस्था रहेको मुख्य न्यायाधिवक्ता खनालले बताए ।

अनुगमनपश्चात् कारागार, प्रहरी हिरासत र बालसुधार गृह र त्यहाँ रहेका कैदीबन्दी र बालसुधार गृहमा रहेका विद्यार्थीहरुको अवस्थाबारे प्रदेश सरकारलाई जानकारी गराइने मुख्य न्यायाधिवक्ता खनालले जानकारी दिए ।

*-रासस*

खेलकुद समाचार

# जनकपुरले जित्यो एनपीएलको उपाधि



**पाल्पा,** पौष ६/नेपाल प्रिमियर लिगको पहिलो सिजनको उपाधि जनकपुर बोल्ट्सले जितेको छ । त्रिवि क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले पराजित गर्दै जनकपुरले एनपीएलको उपाधि हात पारेको हो ।

सुदूरपश्चिम रोयल्सले दिएको १८५ रनको लक्ष्य पछ्याएको जनकपुरले १९.२ ओभरमा ५ विकेट गुमाउँदै लक्ष्य पूरा गरेको हो । जनकपुरका लागि ओपनर लाहिरु मिलान्थाले सर्वाधिक ८७ रन बनाए । उनले ४९ बलमा ९ चौका र ४ छक्का प्रहार गरे । यो सँगै मिलान्था प्रतियोगिताकै सर्वाधिक रन जोड्ने खेलाडी बनेका छन् । उनले १० इनिङ्समा २ अर्धशतक सहित २९३ रन बनाएका छन् । पावर प्लेको ६ ओभरमा ७१ रन जोडेको जनकपुरले पहिलो १० ओभरमा १ सय ५ रन जोडेर लक्ष्यतिर लम्किएको थियो । पहिलो विकेटका रूपमा कप्तान आसिफ शेखलाई गुमायो । आसिफले २४ बलमा ५ चौका र १ छक्कासहित ३४ रन बनाए। उनी सैफ जैबको बलमा ब्रान्डन म्याकमुलेनको हातमा क्याच भए । दोस्रो विकेट १० औं ओभरको अन्तिम बलमा मोहम्मद मोसिनको विकेट गयो । उनलाई इशान पाण्डेले बोल्ड आउट गरे । उनले ८ बलमा १ छक्कासहित ९ रन बनाए । १२औं ओभरको पहिलो बलमा लाहिरु मिलान्थाले जीवन दान पाए । उनले दिपेन्द्र सिंह ऐरीको बलमा उनकै हातबाट क्याच मिस भएका हुन् । त्यतिबेला ६६ रनमा खेलिरहेका थिए । उनको विकेट जनकपुरको तेस्रो विकेटका रूपमा स्कट केग्गेलिनबाट कट एण्ड बोल्ड भए । उनले तेस्रो विकेटका लागि हर्ष थाकरसँग ६१ रनको साझेदारी बनाए । जेम्स निसामले भने ७ बलमा ४ रन बनाउँदै दीपेन्द्र सिंह ऐरीबाट बोल्ड भए। पाँचौं विकेट आकाश त्रिपाठी रन आउट भए । उनी २ रनमै रन आउट भए । हर्ष थाकर ३० रन र मयन यादव २ रनमा अविजित रहे । सुदूरपश्चिमका लागि स्कट केग्गेलिन, सैफ जैब, दीपेन्द्र सिंह ऐरी र इशान पाण्डेले समान १/१ विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ गरेको सुदूरका लागि ओपनर सैफ जैबले सर्वाधिक ६९ रन बनाए । उनले ४३ बलमा ८ चौका र २ छक्का प्रहार गरे । अर्का ओपनर विनोद भण्डारीले ३१ बलमा ४१ रन बनाए । ब्रान्डन म्याकमुलेन र हर्मप्रित सिंहले समान १४-१४ रन बनाए । स्कट केग्गेलिनले १३ रन बनाउँदा अन्य कोहीले दोहोरो अंकमा रन बनाउन सकेनन् । सुदूरपश्चिमले पहिलो १० ओभरमा बिनाक्षति ९७ रन बनाएर आक्रामक सुरुआत गरेको थियो ।

१३ औं ओभरमा जैबले ६२ रनमा जीवनदान पाएका थिए । किशोर महतोको बलमा उनले लङअनमा गरेको प्रहार शेर मल्लले क्याच छोड्न पुगेका थिए ।

**फेयर प्ले अवार्ड लुम्बिनीलाई**

यस्तै नेपाल प्रिमियर लिगको फेयर प्लेको अवार्ड लुम्बिनी लायन्सले जितेको छ । फाइनल खेलपछि उक्त पुरस्कारको घोषणा गरिएको हो । खेल अवधिभर अनुशासित खेल प्रदर्शन गरेको टोलीलाई उक्त पुरस्कार दिइन्छ । फाइनल खेल हेर्न त्रिवि क्रिकेट मैदान परिसरमा दर्शकको भीड लागेको थियो । खेल सुरू हुनुअघि मैदान छिर्न दर्शकहरूको तँछाडमछाड चलेको थियो । प्रहरीलाई दर्शकको भीड व्यवस्थापन गर्न हम्मे-हम्मे परेको थियो ।


## हार्दिक बधाई तथा शुभकामना



कमलराज तिमिल्सेना



तुलबहादुर अधिकारी



अम्बिका तिमिल्सेना

हाम्रा व्यवसायिक मित्र, नेपाल पुस्तक व्यवसायी महासंघ पाल्पाका पूर्व अध्यक्ष, पाल्पाली पत्रकार श्री **कमलराज तिमिल्सेना नेपाल पत्रकार महासंघ पाल्पाको अधिवेशन**बाट महासंघको अध्यक्ष,सामाजिक, राजनीतिक, व्यवसायिक व्यक्तित्व **तुलबहादुर अधिकारी** पाल्पा व्यापार संघको महासचिव र हाम्रा शुभेच्छुक,हिमाली सप्लायर्सको सञ्चालक **अम्बिका तिमिल्सेना पाल्पा व्यापार संघ**को **सचिव** जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा उहाँहरुसहित सम्पूर्ण निर्वाचित पदाधिकारी एवं सदस्यहरुमा **हार्दिक बधाई** तथा सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

| | |
|---|---|
| विष्णु पाण्डे<br>सञ्चालक<br>एवं<br>**शुभ पाण्डे स्टेशनरी**<br>रुपन्देही, बुटवल | रवि ज्ञवाली<br>बजार प्रवन्धक<br>एवं<br>**अंशुल कपी उद्योग**<br>रुपन्देही, बुटवल |

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई